जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १६६ • २०८२ चैत्र २४ गते मंगलवार • 7 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# मधेश प्रदेश वित्तिय संकटमा पर्ने जोखिम : अर्थमन्त्री महेश प्रसाद यादव

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २३ चैत्र**

मधेश प्रदेशका अर्थमन्त्री महेश प्रसाद यादवले मधेस प्रदेश वित्तिय संकटमा पर्ने जोखिम रहेको बताएका छन् । सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले चालु आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन, आय संकलनको अवस्था र संघीय संरचनासँग सम्बन्धित विभिन्न नीतिगत समस्याबारे धारणा सार्वजनिक गरेका हुन् । चालु आर्थिक वर्षको बजेटको आकार बढे पनि आय संकलन अपेक्षाअनुसार नभएको उनले स्वीकारे ।




फागुन मसान्तसम्म गत वर्ष ९.८७ प्रतिशत खर्च भएकोमा यस वर्ष ११.६३ प्रतिशत खर्च भएको देखिए पनि समग्र वित्तीय स्वास्थ्य सुदृढ नदेखिएको उनको भनाइ छ । उनले चालु वर्षमा नगद मौज्दातमा ठूलो गिरावट आएको जानकारी दिए । अनुमानित १० अर्ब ३८ करोडको सट्टा हालसम्म जम्मा ४ अर्ब २५ करोड मात्र मौज्दात रहेको उल्लेख गर्दै उनले भने, ‘आय संकलनको गति कमजोर हुँदा कुल बजेटको झण्डै १७ अर्ब घाटा हुने जोखिम देखिएको छ ।’ यसरी आय र व्ययबीचको असन्तुलनले प्रदेश सरकारलाई वित्तीय संकटतर्फ धकेल्न सक्ने चेतावनी उनले दिए ।

राजस्व संकलन कमजोर भएपछि सरकारले प्रशासनिक खर्च कटौती, अनावश्यक सामग्री खरिदमा रोक तथा साना आयोजना स्थगन गर्ने नीति अपनाएको छ । मन्त्री यादवले १० लाख रुपैयाँभन्दा कम लागतका आयोजना तत्कालका लागि रोकिएको स्पष्ट पार्दै अधुरा, क्रमागत, मर्मतसम्भार तथा विपद् व्यवस्थापनसँग सम्बन्धित आयोजनालाई प्राथमिकता दिइएको बताए ।

स्थानीय तहमा बजेट वितरणमा देखिएको विकृति हटाउन ‘अवण्डा’ प्रणाली अन्त्य गरिएको उनले जानकारी दिए । अब बजेटमै स्पष्ट रूपमा कार्यक्रम समावेश गरी स्थानीय तहलाई पारदर्शी ढंगले स्रोत उपलब्ध गराउने व्यवस्था सुरु गरिएको छ । आगामी आर्थिक वर्षदेखि पहुँचको आधारमा नभई विधि र मापदण्डको आधारमा वित्तीय हस्तान्तरण हुने उनले बताए । पत्रकार सम्मेलनमा अर्थमन्त्री यादवले संघीय सरकारका केही नीतिप्रति असन्तुष्टि जनाए । प्रदेशको कार्यसम्पादन मूल्यांकनमा प्रयोग गरिएका ‘वायु गुणस्तर’ र ‘वन क्षेत्र विस्तार’ जस्ता सूचक मधेशका लागि अन्यायपूर्ण रहेको उनको दाबी छ । ‘भौगोलिक र प्राकृतिक अवस्थाका आधारमा निर्धारण गरिएका सूचकले मधेश सधैं पछाडि पारिन्छ,’ उनले भने । त्यस्तै, वित्तीय समानीकरण अनुदान वितरणको वर्तमान सूत्रले पनि मधेशलाई विभेद गरेको उनको आरोप छ । मानव विकास सूचकांक र सामाजिक असमानतालाई न्यून भार दिइएको भन्दै उनले त्यसमा संशोधन आवश्यक रहेको बताए ।

संघीय सरकारले विगतमा हस्तान्तरण गरेका सडक, पुल, सिँचाइ र खानेपानी आयोजना स्रोत अभावका कारण अलपत्र परेको भन्दै उनले चिन्ता व्यक्त गरे । ती आयोजना सम्पन्न गर्न ठूलो रकम आवश्यक भए पनि प्रदेशको स्रोतले धान्न नसक्ने अवस्था रहेको उनले बताए । यस्तै, समपुरक र विशेष अनुदानअन्तर्गत सुरु भएका आयोजनामा संघले प्रतिबद्धता अनुसार रकम उपलब्ध नगराउँदा करिब ३० अर्ब रुपैयाँ बराबरको दायित्व प्रदेशमाथि थपिएको उनले खुलासा गरे । ढुङ्गा, गिट्टी र बालुवा प्रदेशको प्रमुख सम्भावित आय स्रोत रहेको उल्लेख गर्दै उनले यसको निर्यातका लागि कानुनी व्यवस्था गर्न संघसँग पहल गरिएको जानकारी दिए । साथै, सिमेन्ट उद्योगसँगको विवादका कारण प्रदूषण शुल्क उठाउन नसकिएको र त्यसले राजस्वमा असर परेको पनि उनले बताए ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई छात्रवृत्ति वापत संघीय सरकारले रकम नदिँदा प्रदेशमाथि वार्षिक करिब ३० करोड रुपैयाँको अतिरिक्त भार परेको उनले बताए । अर्थमन्त्री यादवले मधेश प्रदेशको स्रोत अभावलाई दृष्टिगत गर्दै प्रदेशभित्र उठ्ने भन्सार राजस्वको कम्तीमा १० प्रतिशत हिस्सा प्रदेशलाई दिनुपर्ने माग गरेका छन् ।




# जनकपुरधाम उपमहानगरपालिकाद्वारा संस्थागत विद्यालयहरूले मनपरी रूपमा विद्यार्थी भर्ना र शुल्क असुली गरिरहेको विषयमा कडा निर्देशन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २३ चैत्र**

जनकपुरधाम उपमहानगरपालिकाले संस्थागत विद्यालयहरूले मनपरी रूपमा विद्यार्थी भर्ना र शुल्क असुली गरिरहेको विषयमा कडा निर्देशन जारी गरेको छ ।



उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले सोमबार एक सूचना जारी गर्दै नयाँ शैक्षिक सत्र सुरु हुनु अघि भर्ना नगर्न र तोकिएको भन्दा बढी शुल्क नलिन विद्यालयहरूलाई निर्देशन दिएको हो । नगर कार्यपालिकाको कार्यालयबाट जारी पत्रमा केही संस्थागत विद्यालयहरूले शिक्षा नियमावली २०५९ (संशोधन सहित) को व्यवस्था तथा सर्वोच्च अदालतको हालैको आदेशसमेत उल्लङ्घन गर्दै समयअघि नै भर्ना खोल्ने र अभिभावकबाट चर्को शुल्क असुल्ने गरेको तथ्य सार्वजनिक भएको उल्लेख गरिएको छ । उक्त सूचनामा अब नयाँ शैक्षिक सत्र २०८३ सुरु भएपछि मात्र विद्यार्थी भर्ना गर्नुपर्ने र उपमहानगरपालिकाले निर्धारण गरेको शुल्क बाहेक अन्य कुनै पनि शीर्षकमा रकम असुल गर्न नपाइने स्पष्ट पारिएको छ । त्यस्तै, यसअघि अवैध रूपमा असुल गरिएको भर्ना शुल्क सम्बन्धित अभिभावकलाई फिर्ता गर्न पनि पालिकाले निर्देशन दिएको छ । तोकिएको समयभित्र शुल्क फिर्ता नगर्ने विद्यालयलाई प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनीसमेत दिइएको छ । उपमहानगरपालिकाले अभिभावकहरूलाई पनि यस्ता गैरकानुनी गतिविधि भएमा जानकारी गराउन आग्रह गर्दै शिक्षा क्षेत्रमा अनुशासन कायम गर्न सबै पक्षलाई सहयोग गर्न अपिल गरेको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय...................

### नीजि विद्यालयप्रति सकारात्मक हुन जरुरी

नेपालमा प्रतिनिधि सभाको निर्वाचन पश्चात बनेको नयाँ सरकारले ल्याएका विभिन्न सुधारहरु प्रशंसनिय छन् । शिक्षा क्षेत्रमा गरिएको बालकक्षादेखि कक्षा ५ सम्म विना कुनै आन्तरिक परीक्षाको विद्यालय संचालन गर्नु पर्ने निर्णय समेत मनोबैज्ञानिक रहेको चर्चा छ । तर बैकल्पीक उपाय दरो बैज्ञानिक नभएमा विद्यार्थीहरुको मूल्याँकन प्रणाली नै नराम्ररी प्रभावित हुने आशंका समेत बढेको देखिन्छ। त्यस्तै शनिवार र आइतवार सम्पूर्ण सरकारी तथा नीजि विद्यालय तथा संस्थाहरु बन्द राख्नुपर्ने निर्णयले ईन्धन खपतमा मितव्ययीता हुनुका साथै सरकारलाई ईन्धन व्यवस्थापनमा सहयोग हुने जानकारहरुले बताउदछन् । तर सप्ताहको २ दिन तथा वर्षमा करिब १०४ दिन हुने यो थप बिदाले विद्यार्थीहरुका पढाई लेखाई नराम्ररी प्रभावित भई कोर्ष समेत खतम गर्न कठीन हुने शिक्षाविदहरुले बताउछन् ।

त्यसैगरी अहिले सामाजिक संजालमा भइरहेका विभिन्न ट्रायल मध्ये नीजि विद्यालयहरु अब बन्द हुने भन्ने विषयमा ज्यादै नै टिकाटिप्पणी तथा चर्चा रहेको देखिन्छ । यस सन्दर्भमा शिक्षा मन्त्री सस्मित पोखरेलले सामाजिक संजालमा देखिएका नीजि विद्यालय बन्द सम्बन्धी चर्चा सत्य हो भने यसलाई नेपाल सरकारको राजपत्रमा प्रकाशित गरी सबैलाई विश्वस्त गर्न आवश्यक रहेको देखिन्छ । यतिखेर अभिभावक,विद्यार्थी तथा विद्यालय पक्ष अशान्त रहेको देखिन्छ। यसलाई अबिलम्ब स्पष्ट पार्नु पर्ने आवश्यक रहेको देखिन्छ।

# प्रदेश सरकारहरूले अपेक्षित राजनीतिक स्वायत्तता र प्रभावकारिता स्थापित गर्न नसकेको निष्कर्ष सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २३ चैत्र**

नेपालमा संघीयता कार्यान्वयन भएको झण्डै एक दशक पुग्न लाग्दा पनि प्रदेश सरकारहरूले अपेक्षित राजनीतिक स्वायत्तता र प्रभावकारिता स्थापित गर्न नसकेको निष्कर्ष सार्वजनिक भएको छ । प्रदेशहरूको वित्तीय, प्रशासनिक र नीतिगत कमजोरी उजागर गर्दै हालै सार्वजनिक ‘सुशासन मार्गचित्र’ प्रतिवेदनले संघीय संरचनाको वास्तविक कार्यान्वयनमै गम्भीर चुनौती रहेको औँल्याएको छ ।

गत पुस १४ गते गठन गरिएको उच्चस्तरीय समितिले तयार पारेको उक्त प्रतिवेदन २०८२ चैत ३ गते सरकारलाई बुझाइएको हो । प्रधानमन्त्री कार्यालयका सचिव गोविन्द बहादुर कार्कीको नेतृत्वमा रहेको १३ सदस्यीय समितिले प्रदेश सरकारको कमजोर अवस्थाको मुख्य कारण संघीय सरकारको केन्द्रीकृत सोच र संरचनागत जडतालाई मानेको छ। प्रतिवेदन अनुसार संघीयताको मर्मअनुसार अधिकार हस्तान्तरण हुन नसक्नु नै प्रदेशहरूको असफलताको



प्रमुख कारण हो । विगतका विभिन्न अध्ययन र विकास साझेदारका निष्कर्ष उद्धृत गर्दै प्रतिवेदनले केन्द्रले अधिकार, स्रोत र निर्णय प्रक्रिया आफैंमा सीमित राख्दा प्रदेशहरू प्रभावकारी रूपमा काम गर्न नसकेको उल्लेख गरेको छ । संघीय संरचनामा स्पष्ट कानुनी आधारको अभाव र संघीय निजामती सेवा ऐन नहुँदा प्रदेश प्रशासन नै अस्तव्यस्त बनेको प्रतिवेदनको ठहर छ ।

प्रदेश सरकारहरूको कार्यसम्पादन कमजोर हुनुको अर्को मुख्य कारण कर्मचारी अभाव देखिएको छ। प्रतिवेदनले करिब ४० प्रतिशत दरबन्दी रिक्त रहेको औँल्याउँदै यसलाई ‘प्रशासनिक पक्षघात’को अवस्था भनेको छ । कर्मचारी व्यवस्थापनमा स्पष्ट नीति नहुँदा बारम्बार हुने सरुवा, वृत्ति विकासको अनिश्चितता र संस्थागत स्मृतिको अभावले सेवा प्रवाहमा गम्भीर असर परेको उल्लेख गरिएको छ । यस समस्याको समाधानका लागि मन्त्रालयगत समूह प्रणाली लागू गर्न सुझाव दिइएको छ। यसले विशेषज्ञता विकास र स्थायित्वमा मद्दत गर्ने अपेक्षा गरिएको छ ।

प्रदेश सरकारहरूको सबैभन्दा ठूलो चुनौती वित्तीय आत्मनिर्भरता हो । प्रतिवेदन अनुसार प्रदेशहरू आफ्नो कुल बजेटको ८० देखि ९० प्रतिशतसम्म संघीय अनुदानमा निर्भर छन् । आन्तरिक राजस्व संकलन अत्यन्त न्यून रहेको र आर्थिक स्रोत परिचालनमा प्रदेशहरू कमजोर देखिएको निष्कर्ष निकालिएको छ। यसले गर्दा प्रदेशहरूको वित्तीय स्वायत्तता सीमित बनेको छ भने नीति निर्माण र कार्यान्वयनमा पनि संघप्रति निर्भरता बढेको छ ।

प्रदेश सरकारहरू अत्यधिक मन्त्रालय र अनावश्यक प्रशासनिक संरचनाका कारण आलोचित हुँदै आएका छन् । यसलाई सुधार गर्न प्रतिवेदनले मन्त्रालय संख्या अधिकतम ७ भित्र सीमित गर्न सिफारिस गरेको छ। यसका साथै औचित्यहीन कार्यालय, बोर्ड र समितिहरू खारेज गरी सेवा प्रवाहलाई एकीकृत ढाँचामा लैजान प्रस्ताव गरिएको छ । जिल्लास्तरका विषयगत कार्यालयहरू हटाई ‘एकीकृत सेवा प्रवाह प्रणाली’ लागू गर्न सुझाव दिइएको छ । प्रतिवेदनले भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाह सुधारका लागि डिजिटल रूपान्तरणलाई मुख्य उपायको रूपमा प्रस्तुत गरेको छ । नागरिक सेवाहरूलाई सरल, पारदर्शी र छरितो बनाउन ‘एकीकृत प्रदेश सेवा पोर्टल’ निर्माण गर्ने योजना अघि सारिएको छ । यसअन्तर्गत ‘पेपरलेस’ र ‘फेसलेस’ शासन प्रणाली लागू गर्ने, डिजिटल टोकन प्रणाली र फाइल ट्र्याकिङ प्रविधि प्रयोग गर्ने जस्ता कार्यक्रम समावेश छन् ।

# जनकपुरधाममा फुटपाथ तथा ऐतिहासिक क्षेत्र अतिक्रमण गरेर बनाइएका घर टहराहरू हटाइयो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २३ चैत्र**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा फुटपाथ तथा ऐतिहासिक क्षेत्र अतिक्रमण गरेर बनाइएका घर टहराहरू हटाइएको छ। गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोको अगुवाइमा जनकपुरधाम उपमहानगरपालिका र जनकपुरधाम उद्योग वाणिज्य सङ्घको संयुक्त पहलमा उक्त अभियान सञ्चालन गरिएको हो ।

सोमबार कदमचोकमा फुटपाथ मिचेर बनाइएका



अस्थायी संरचनाहरू हटाइएको छ । लामो समयदेखि व्यापारीहरूले फुटपाथ अतिक्रमण गरी पसल तथा टहरा निर्माण गर्दा पैदलयात्रीहरू सडकमै हिँड्न बाध्य थिए । यसले दुर्घटनाको जोखिम बढाएको भन्दै सर्वसाधारणबाट गुनासो उठ्दै आएको थियो। अतिक्रमण हटाउने क्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नगरप्रहरीको ठूलो टोली परिचालन गरिएको थियो । सुरक्षाकर्मीको उपस्थितिमा व्यवस्थित ढंगले संरचना हटाइएपछि अहिले फुटपाथ खाली भएको छ र पैदलयात्रीहरूले सहज रूपमा आवागमन गर्न थालेका छन् ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीले व्यापारीहरूलाई सार्वजनिक स्थानमा सामान नराख्न आग्रह गर्दै नियम पालना गर्न सबैसँग अपिल गरे । स्थानीय प्रशासनले आगामी दिनमा पनि सार्वजनिक स्थलको संरक्षण र व्यवस्थापनका लागि यस्ता अभियानलाई निरन्तरता दिने जनाएको छ ।

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने

वृष: पिछडेको साथी मिल्ने

मिथून: अनावश्यक चिन्ता

कर्कट: मित्रतामा फाटो आउने

सिंह: पढाईमा ध्यान दिनुपर्ने

कन्या: अनावश्यक खर्चको संभावना

तुला: मनमा पछुतो आउने

वृश्चिक: आम्दानी हुने

धनु: खानपानमा समस्या आउने

मकर: विचार गरेर बोल्नुहोला

कूम्भ: लामो यात्राको योग छ

मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरान-अमेरिका युद्ध रोकिने सम्भावना कम: ४५ दिने विराम प्रस्ताव

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ चैत्र



इरान र संयुक्त राज्य अमेरिकाबीच तीव्र बन्दै गएको युद्धका बीच ४५ दिनको युद्धविराम र स्ट्रेट अफ होर्मुज पुनः खोल्ने प्रस्ताव अघि सारिएको छ, जसले जारी द्वन्द्वलाई अस्थायी रूपमा रोक्ने सम्भावना देखाएको छ।

मध्यपूर्वका दुई अधिकारीका अनुसार इजिप्ट, पाकिस्तान र टर्कीका मध्यस्थकर्ताहरूले तयार पारेको उक्त मस्यौदा प्रस्ताव दुवै पक्षलाई पठाइएको छ, तर अहिलेसम्म कुनै औपचारिक प्रतिक्रिया आएको छैन। उक्त प्रस्तावले ४५ दिनको समयावधिमा विस्तृत वार्ता गरी स्थायी युद्धविराममा पुग्ने वातावरण तयार गर्ने लक्ष्य राखेको छ। यो प्रस्ताव इरानी विदेशमन्त्री अब्बास अराघची र अमेरिकी मध्यपूर्व दूत स्टिव विटकफलाई पठाइएको बताइएको छ। यद्यपि, दुवै पक्षबीचको अविश्वास र कडा अडानका कारण सहमति हुने नहुने अझै अनिश्चित देखिएको छ।

इरानले आर्थिक क्षतिपूर्ति र पुनः आक्रमण नगर्ने ग्यारेन्टी बिना युद्ध रोक्न अस्वीकार गर्दै आएको छ भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले आफ्नो समयसीमाभित्र होर्मुज जलडमरूमध्य पुनः नखोले कडा पूर्वाधार आक्रमण गर्ने चेतावनी दिएका छन्। यसैबीच, युद्धको मैदानमा हिंसा थप चर्किएको छ। आइतबारदेखि सोमबारसम्म इरानका विभिन्न सहरमा भएका आक्रमणमा २५ जनाभन्दा बढीको मृत्यु भएको छ। तेहरान नजिकैको एस्लामसार क्षेत्रमा भएको हवाई आक्रमणमा मात्र कम्तीमा १५ जनाको ज्यान गएको अधिकारीहरूले जनाएका छन्।

# शहीदनगरमा दिगो कृषि परियोजनाको सार्वजनिक सुनुवाई

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २३ चैत्र



दिगो कृषि परियोजना (स्थानीय सरकारद्वारा संचालित कृषि कार्यक्रम सम्बन्धी) सार्वजनिक सुनुवाई धनुषाको शहीदनगर नगर पालिकामा सोमबार सम्पन्न भएको छ।

बीएमजेड/डब्लुएचएचको सहयोगमा आसमान नेपाल जानकी महिला जागरण समाज र प्याक नेपालले संयुक्त रुपमा संचालन गरेको दिगो कृषि परि योजनाको सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो। एक वर्ष अघि संचालनमा आएको उक्त परि योजनाले शहीदनगर नगर पालिकाका किसानहरु लाभान्वित भएका छन्। वडा नं. १, ६ सहित पाँच वटा वडामा संचालन उक्त परियोजना अन्तर्गत किसानहरुको समूह गठन गरेर कृषि औजार, उपकरण, बीउबिजन, फलफुलको बिरुवा वितरण गरिने आसमान नेपालका कार्यक्रम संयोजक बिजयकुमार यादवले बताए। एक वर्षको अवधिमा सम्पन्न काम नागरिकमाझ पुऱ्याउने र नागरि कले त्यसमा प्रश्न गर्ने, सुझाव दिने, आगामी दिनका योजनामा सुझाव लिनका लागि सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको उनले बताए। कार्यक्रममा सहभागी किसानहरुले परियोजना अन्तर्गत संचालन गरिएको कार्यक्रम र आगामी दिनमा गर्नुपर्ने कार्यक्रमबारे सुझाव दिएका थिए भने नगरपालिकाले कृषि क्षेत्रको लागि संचालन गरेको योजना बारे जिज्ञासा राखेका थिए ।किसानहरुको जिज्ञासा मेट्दै शहीदनगर नगरपालिकाका उपप्रमुख सुनिता सिंहले किसानहरुको समस्या समाधान गर्न पालिका हरसम्भव प्रयास गरि रहेको बताइन्। मलखाद, सिचाई जस्ता समस्याको समाधान गर्नका लागि प्रभावकारी तरिकाले योजनाहरु अघि बढाएको उनले बताइन्। मलखादको समस्या हुन नदिन आगामी दिनमा एक वडामा दुई सहकारी संस्थालाई वितरण गर्ने अधिकार दिने तयारी भइर हेको उनले बताइन्। सिचाईको लागि कृषि विद्युतिकरणको कार्य पनि अघि बढाएकोले केही दिनमा किसानको खेत खेतमा सिचाई पुग्ने विश्वास उनले व्यक्त गरिन्। कार्यक्रमका अध्यक्षता समेत गरेकी उपप्रमुख सिंहले आगामी दिनमा अन्तर नगरस्तरीय कृषि मेला आयोजनाको तयारी भइर हेको जानकारी दिइन्। यदुकोहामा आयोजना हुने सो कृषि मेलामा उत्कृष्ट गर्ने किसानलाई पुरस्कृत

बाँकी पृष्ठ ४ मा

# पूँजीबजार सुधारका लागि अर्थमन्त्री वाग्लेको ध्यानाकर्षण

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ चैत्र



स्टक ब्रोकर एशोसिएशन अफ नेपालले पूँजीबजारमा देखिएका विद्यमान समस्याहरू समाधानका लागि अर्थमन्त्रीको ध्यानाकर्षण गराउँदै ६ बुँदे मागपत्र बुझाएको छ। एशोसिएसनका महासचिव भक्तिराम घिमिरेद्वारा हस्ताक्षरित पत्रमा हाल बजारमा ५६ लाखभन्दा बढी लगानीकर्ता र ५२ ओवटा ब्रोकरहरू सक्रिय रहेको अवस्थामा नयाँ सरकार र अर्थमन्त्रीबाट ठूलो आशा राखिएको उल्लेख गरिएको छ।

धितोपत्र दलाल व्यवसायीहरूले भोग्दै आएका समस्याहरू समाधान भएमा मात्र पूँजीबजारको विकास हुने र लगानीकर्ताको मनोबल बढ्ने विश्वास एशोसिएसनले व्यक्त गरेको छ। सुधारका लागि अघि सारिएका मागहरूमा पूँजीबजार सुधार कार्यदलले दिएका तर हालसम्म कार्यान्वयन हुन बाँकी सुझावहरूलाई तत्काल लागू गर्नुपर्ने विषयलाई प्राथमिकता दिइएको छ। यसैगरी, बैंक तथा वित्तीय संस्थाहरूलाई पूँजीबजारमा सहज रूपमा प्रवेश र बहिर्गमनको व्यवस्था मिलाउन तथा शेयर खरिद गरेको ६ महिनापछि मात्र बिक्री गर्न पाउने हालको प्रावधान हटाउन माग गरिएको छ।

साथै, गैर आवासीय नेपालीहरूलाई पनि दोस्रो बजारमा सहज रूपमा शेयर कारोबार गर्न पाउने वातावरण बनाउन एशोसिएशनले सरकारसँग आग्रह गरेको छ। कर र प्राविधिक पक्षका सम्बन्धमा, आगामी बजेटमार्फत पूँजीगत लाभकरलाई नै अन्तिम करका रूपमा स्पष्ट पार्नुपर्ने र सरकारी संस्थानहरूमा रहेका विभिन्न कोषहरूलाई दोस्रो बजारमा लगानी गर्न प्रोत्साहन गर्नुपर्ने माग राखिएको छ।

शेयर बिक्री गरेरपनि हस्तान्तरण हुन नसक्दा लगानीकर्ता 'क्लोज आउट'को मारमा परिरहेको भन्दै सो समस्या समाधानका लागि 'अक्सन मार्केट' यथाशीघ्र सञ्चालन गर्न र बि.सं. २०७५ तथा २०७९ मा बनेका कार्यविधिहरू अनुरूप सेटलमेन्ट ग्यारेन्टी फण्डलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन नियामक निकायलाई आवश्यक निर्देशन दिन एशोसिएसनले अर्थमन्त्रीसँग माग गरेको छ।

# भरौल गोल्डकपमा पथरी स्पोर्टिङको विजयी सुरुवात

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ चैत्र



पथरी स्पोर्टिङ क्लबले सुनसरीको बराहक्षेत्रमा सोमबारबाट सुरु नवौं संस्करणको अन्तराष्ट्रिय आमन्त्रण भरौल गोल्डकपमा विजयी सुरुवात गरेको छ। न्यू स्टार क्लबको आयोजनामा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा झापा ११ फुटवल क्लवलाई २-१ गोल अन्तरले पराजित गर्दै मोरङको पथरी स्पोर्टिङले सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ।

स्थानीय जडेज खेलमैदान भरौलमा भएको प्रतिष्पर्धामा पथरीको जितमा सञ्जय लिम्बु र आदित्य शाक्यले एक-एक गोल गरे। पहिलो हाफको पूरै समय झापाली टिमलाई दबावमा राखेको पथरीको लागि सञ्जयले २६ औं मिनेटमा गोल गरे। पहिलो हाफमा १-० ले पछि परेको झापाले दोस्रो हाफको १० मिनेटमा गोल फर्कायो। राजेश दाहालको पासमा घनश्याम कार्कीले आकर्षक हेड गोल गरेपछि खेल बराबरीमा आएको थियो। तर दोस्रो हाफको ३१ औं मिनेटमा मिलन राईको पासमा आदित्यले गोल गरेपछि पथरीले २-१ गोल अन्तरको स्पष्ट जित हात पारेको हो। आदित्य खेलको म्यान अफ द म्याच घोषित हुँदै नगद ५ हजार हात पार्न सफल भए। प्रतियोगिता अन्तर्गत मंगलबारको दोस्रो क्वाटरफाइनल खेल पाहुना टोली मलेसियाको आरटी एफसी र इटहरीको योङ ब्रदर्श क्लबबीच प्रतिष्पर्धा हुने आयोजकले जनाएको छ। चैत्र २९ सम्म चल्ने प्रतियोगितामा दुई विदेशी क्लबसहित ८ टिम सहभागी छन्।

प्रतियोगिताको विजेताले ४ लाख र उपविजेताले २ लाख रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगितामा उत्कृट खेलाडीले २५ हजार र विधागत तर्फका उत्कृष्ट खेलाडीलाई जनही १० हजार प्रदान गरिने आयोजकले जनाएको छ।

# तटस्थ, निष्पक्ष र समन्वयकारी भूमिका निर्वाह गर्ने अर्यालको प्रतिबद्धता

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ चैत्र



प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले सङ्ख्याका आधारमा कुनै भेदभाव नगरी आफूले सदनमा तटस्थ, निष्पक्ष र समन्वयकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। सभामुखमा निर्वाचित भएपछि आज पहिलो बैठकको अध्यक्षता गर्दै सभामुख अर्यालले संसदलाई निष्क्रियता नभई सक्रिय कार्यसम्पादनको थलो बनाउन तथा सदनलाई असल संवैधानिक अभ्यासबाट सुसञ्चालन गर्न सबैसँग सहयोगको अपेक्षा गर्नुभयो। सभामुख अर्यालले जनताले पाँच वर्षका लागि आफूहरूलाई निर्वाचित गरेको केवल अधिकार मात्र नभई सुशासन र आर्थिक विकासका लागि जिम्मेवारीको अवसर भएको बताउनुभयो।

"जेनजी आन्दोलनको मर्म अनुसार देशमा सुशासन कायम र आर्थिक विकास होस् भनी जनताले हामीलाई विश्वाससहित जिम्मा लगाउनुभएको छ," सभामुख अर्यालले भन्नुभयो, "कुनै पनि बहानामा त्यो विश्वास गुम्न हामीले दिनु हुँदैन।" निर्वाचनका क्रममा गरिएका वाचा र प्रतिबद्धतालाई मतदाता र जनप्रतिनिधिको राजनीतिक सम्झौता भएकाले समयबद्ध योजना बनाएर विधि निर्माण गर्न काममा लाग्न सभामुख अर्यालले आह्वान गर्नुभयो।

उहाँले आफूलाई निर्विरोध निर्वाचित गर्ने सबै दललाई धन्यवाद पनि दिनुभयो।

# श्रमिकलाई न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा सुनिश्चित गर्न सबै रोजगारदातालाई आग्रह

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ चैत्र




श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमिकलाई न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा सुनिश्चित गर्न सबै रोजगारदातालाई आग्रह गरेको छ।

मन्त्रालयले आज एक प्रेस विज्ञप्ति जारी गर्दै विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, नर्सिङ स्टाफ, निजी तथा संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीलगायत विभिन्न प्रतिष्ठानमा कार्यरत श्रमिकले न्यूनतम पारिश्रमिक तथा अन्य सुविधा नपाएको भन्दै मन्त्रालयमा उजुरी तथा गुनासो आउने गरेको जनाएको छ। यसप्रति मन्त्रालयले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै प्रचलित कानुन अनुसार श्रमिकका अधिकार पूर्णरूपमा कार्यान्वयन गर्न सबै रोजगारदातालाई आग्रह गरेको हो। मन्त्रालयले श्रम ऐन, २०७४ अनुसार काममा लगाइएका व्यक्तिलाई न्यूनतम पारिश्रमिक, बिरामी बिदा तथा उपदान, सञ्चयकोष, बिमालगायतका सुविधा अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको स्मरण गराएको हो। साथै न्यूनतम पारिश्रमिक लगायतका सुविधाबाट वञ्चित गराइएको पाइएमा कानुन अनुसार कारबाही हुने चेतावनी दिँदै मन्त्रालयले सम्बन्धित निकाय, संस्था तथा सरोकारवालालाई कानुनको पालना गर्न अपिल गरेको छ।

# 'मलाई बोल्न दे सरकार, अपराध होइन- मन खोल्न दे दरबार'

-जब कुनै महिला आफ्नो विचार खुला रूपमा राख्छिन्, स्थापित मान्यतालाई चुनौती दिन्छिन् वा आलोचना गर्छिन्, तब समाजका केही व्यक्ति वा समूह उनलाई चुप गराउने प्रयासमा उसको चरित्रमाथि प्रहार गर्छन् । अहिले देखिएको खासमा यही हो । नेपालमा सामाजिक सञ्जालमार्फत महिलामाथि हुने साइबर हिंसा र चरित्रहत्या गम्भीर रूपमा बढ्दै गएको छ ।

पितृसत्तात्मक सोच, कानुनी कमजोरी र सामाजिक संस्कारको अभावले महिलाको स्वतन्त्र अभिव्यक्तिमाथि निरन्तर प्रहार भइरहेको छ । यस समस्याको समाधानका लागि कानुनी कडाइ, सामाजिक चेतना र परिवार तथा समुदायको सकारात्मक भूमिका अनिवार्य छ। वालेन्द्र शाहले करिब एक वर्षअघि गाएको गीतका हरफ हुन् यी- 'मलाई बोल्न दे सरकार, अपराध होइन- मन खोल्न दे दरबार ।' यो अभिव्यक्तिले स्वतन्त्रताको भावलाई सशक्त रूपमा प्रस्तुत गर्छ । अहिले यही गीतका रचनाकार र गायकसमेत रहेका उनै शाह नेपालका प्रधानमन्त्री छन् । कुनै पनि लोकतान्त्रिक समाजमा आफ्नो विचार, भावना र अनुभव व्यक्त गर्नु मौलिक अधिकार हो । तर विडम्बना ! आजको हाम्रो समाजमा आवाज उठाउनु जोखिमपूर्ण बन्दै गएको छ । विशेष गरी डिजिटल युगले सामाजिक सञ्जालमा आवाज उठाउने स्थान र माध्यम दिएको छ तर त्यही प्लेटफर्म पछिल्लो समय हिंसा, घृणा र धम्कीको बेजोड अखडा पनि बन्दै गएको छ। खासगरी सामाजिक संजालमा महिलाहरूले विचार राखेकै कारण असाध्यै अमर्यादित र अपमानजनक व्यवहारको सामना गर्नुपरेको छ । आफूलाई चित्त नबुझेका कुरा प्रस्टसँग राख्ने अधिकार अभिव्यक्ति स्वतन्त्रता सबैलाई बराबर छ । विचारमा असहमति भए बहस गर्ने माध्यम छन् । तर यहाँ छलफल र बहसभन्दा विपरीत व्यक्तिगत जीवन, चरित्रहत्या, अश्लील गालीगलौज र बलात्कारसम्मका धम्की दिने प्रवृत्ति स्थापित बन्दै छ । नेपालमा सामाजिक सञ्जालमार्फत हुने साइबर हिंसाको समस्या पछिल्ला वर्षमा तीव्र रूपमा बढ्दै गएको देखिन्छ । नेपाल साइबर ब्युरोका अनुसार आर्थिक वर्ष २०७९/८० मा देशभर १९ हजार ७ सय ३० साइबर अपराधका केस दर्ता भएका थिए, जसमध्ये ८ हजार ७ सय ४५ उजुरी महिलाले दिएका थिए । यो कुल उजुरीको करिब ४४ प्रतिशत हो, जसले महिलाहरू साइबर हिंसाबाट गम्भीर रूपमा प्रभावित भइरहेको स्पष्ट संकेत गर्छ। अघिल्लो वर्षको तथ्यांकसँग तुलना गर्दा अवस्था अझ चिन्ताजनक देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा ४ हजार ५ सय ९० महिलाले उजुरी दिएका थिए भने २०७९/८० मा यो संख्या बढेर ८ हजार ७ सय ४५ पुगेको छ। यसले एक वर्षमै झण्डै दोब्बर अर्थात् ९० प्रतिशतभन्दा बढी वृद्धि भएको देखाउँछ ।

हालका वर्षहरूमा पनि यो प्रवृत्ति कायम छ । आर्थिक वर्ष २०८०/८१ मा करिब ९ हजार महिलाले उजुरी दिएका थिए भने २०८१/८२ मा पनि करिब ८ हजार ४० उजुरी दर्ता भएका छन्। यी तथ्यांकले दुई महत्त्वपूर्ण सन्देश दिन्छन् । एकातिर महिलाहरू अब बिस्तारै आफ्नो अधिकारका लागि आवाज उठाउन थालेका छन् भने अर्कोतर्फ साइबर हिंसाको समस्या अझै गम्भीर र बढ्दो अवस्थामा छ। सामाजिक दुर्व्यवहार : एमाले अध्यक्ष केपी शर्मा ओलीको गिरफ्तारीपछि उनको रिहाइको पक्षमा सडकमा आवाज उठाएकै कारण अमिसा पराजुलीमाथि तीव्र साइबर बुलिङ सुरु भयो। सामाजिक सञ्जालमा उनीमाथि गालीगलौज मात्र होइन, चरित्रहत्या गर्ने नियोजित प्रयाससमेत देखिएको छ। आफ्ना विचार राखेकै कारण यसरी निसाना बनाइनु अभिव्यक्ति स्वतन्त्रतामाथिको गम्भीर प्रहार हो । अन्ततः निरन्तर मानसिक दबाब र अपमान सहन नसकेपछि उनी कानुनी उपचारका लागि साइबर ब्युरो पुग्न बाध्य भइन् । यो घटना केवल एक व्यक्तिको कथा होइन, आवाज उठाउनेलाई दबाउने खतरनाक प्रवृत्तिको स्पष्ट संकेत हो । केही समयअघि गायिका समिक्षा अधिकारी, एलिना चौहान, अभिनेत्री ऋचा शर्मा लगायतका धेरैजसो लाइमलाइटमै आउने महिलाहरू गालीगालौज, चरित्रहत्या र सामाजिक सञ्जालमार्फत हुने हिंसाको सिकार बने । उनीहरूले सार्वजनिक रूपमा आफ्ना पीडकहरूको नाम र सामाजिक सञ्जालका लिंकहरूसमेत सेयर गरेर प्रतिकार गर्नुपर्ने अवस्था सिर्जना भयो, जुन आफैंमा गम्भीर संकेत हो । पीडितले नै आफ्नो सुरक्षा र न्यायका लागि लड्नुपर्ने अवस्था आयो। रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाहले जितेमा 'कान काट्छु' भन्ने अभिव्यक्तिलाई लिएर 'किन कान नकाटेको ?' भन्दै रेनुका बरालमाथि चरम मानसिक दबाब सिर्जना गरियो । यो केवल आलोचना वा असहमतिको विषय थिएन; उनीहरूलाई मानसिक रूपमा कमजोर पार्ने उद्देश्यले निरन्तरको गालीगलौज, अपमान र धम्की थियो । यस्तो व्यवहारले देखाउँछ कि हाम्रो समाजमा महिलाले बोलेका हरेक शब्दलाई कसरी तोडमोड गरी उनीहरूमाथि नै प्रहार गरिन्छ । किन महिलाको चरित्रमाथि नै पहिलो प्रहार हुन्छ ? सामाजिक सञ्जालमा महिलाहरूले आफ्नो विचार राख्दा वा अधिकार माग्दा अक्सर




चरित्रमाथि पहिलो प्रहार हुने गरेको देखिन्छ। यस प्रवृत्तिको जरो हाम्रो समाजको सोच र संरचनामा शदियौंदेखि जरा गाडेर बसेको छ । महिलाको चरित्रमाथि प्रहार केवल व्यक्तिगत असहमति वा आक्रोशको परिणाम होइन, यो हाम्रो सामाजिक मूल्य, पितृसत्तात्मक संरचना र व्यवहारको प्रतिविम्ब हो । सबैभन्दा पहिलो कारण पितृसत्तात्मक मानसिकता हो । परम्परागत नेपाली समाजमा महिलालाई 'मर्यादा', 'इज्जत' र 'शालीनता'सँग जोडेर हेरिन्छ । जब कुनै महिला आफ्नो विचार खुला रूपमा राख्छिन्, स्थापित मान्यतालाई चुनौती दिन्छिन् वा आलोचना गर्छिन्, तब समाजका केही व्यक्ति वा समूह उनलाई चुप गराउने प्रयासमा उसको चरित्रमाथि प्रहार गर्छन् । अहिले देखिएको खासमा यही हो ।दोस्रो कारण महिलाको स्वतन्त्र आवाजप्रति असहजता हो । धेरैले महिलाले खुलेर बोल्नु, आफ्नो अधिकार माग्नु वा असहमति व्यक्त गर्नु स्वीकार्य हुँदैन भन्ने सोच राखेका हुन्छन् । असहमत हुँदा बहस वा स्वस्थ संवादको सट्टा, उनीहरूले व्यक्तिगत आचरणप्रति अपमानजनक टिप्पणी रोज्छन् । यसले महिलामा डर र मानसिक दबाब सिर्जना गर्छ र अन्य महिलालाई पनि मौन बनाउने काम गर्छ। तेस्रो कारण सामाजिक संजालको सहजता र दण्डहीनता हो । सामाजिक सञ्जालमा फेक आईडी (नकली पहिचान) बनाउने र कमजोर कानुनी कारबाहीका कारण मानिसहरू सजिलै अपमानजनक शब्द प्रयोग गर्न हौसिन्छन् । महिलामाथि गरिएको आक्रमणको तत्काल परिणाम र दोषी कारबाहीको दायरामा आएको नदेख्दा अपराधीहरूमा नकारात्मक प्रवृत्ति बलियो हुन्छ। यही कारणले सामाजिक संजालमा महिलाको चरित्रमाथि हुने हिंसाहरू बढिरहेका छन् । चौथो कारण सामाजिक संस्कारको कमी हो । परिवार, विद्यालय र समुदायमा असहमति हुँदा पनि सभ्य बहस गर्ने र सम्मानजनक संवाद गर्ने संस्कार पर्याप्त विकसित छैन। आलोचना व्यक्त गर्दा तुरुन्तै व्यक्तिगत चरित्र र अपमानमा परिणत हुने प्रवृत्ति अझ बढ्छ। यसले महिलाहरूको स्वतन्त्रता र खुला आवाजलाई दबाउने काम गर्छ । यसरी, महिलाको चरित्रमाथि प्रहार गर्नु केवल व्यक्तिगत आक्रोश होइन, त्यो गहिरो सामाजिक सोचको प्रतिविम्ब हो । यसलाई बदल्न कानुनी कारबाहीसँगै सोच, संस्कार र व्यवहारमा परिवर्तन ल्याउनु अनिवार्य छ। समाजमा पर्ने असर : हिंसाविरुद्ध आवाज उठाउन धेरै ठूलो साहस जुटाउनु पर्छ महिलाहरूले । पीडितलाई उल्टै दबाउने व्यवहारले पीडितलाई मात्र होइन, सम्भावित आवाज उठाउने अरू धेरैलाई चुप बस्न बाध्य बनाउँछ। जब कुनै महिला सामाजिक सञ्जालमा आफ्नो विचार राख्दा अपमानित हुन्छिन्, धम्की पाउँछिन् वा मानसिक रूपमा त्रसित बनाइन्छिन्, तब अरू महिलाहरूले पनि 'बोल्दा यस्तै हुन्छ' भन्ने डरले आफ्नो आवाज दबाउन थाल्छन् ।महिलाहरूले आफ्नो विचार राख्दा, अनुभव बाँड्दा वा कुनै विषयमा आवाज उठाउँदा उनीहरूलाई लक्षित गरेर गरिने व्यक्तिगत आक्रमण, चरित्र हत्या, अश्लील टिप्पणी र यौन हिंसासम्बन्धी धम्की सामान्य जस्तै हुन थालेका छन् । यसले महिलालाई मात्र होइन, समग्र समाजलाई नै अस्वस्थ बनाइरहेको छ । यसले गर्दा वास्तविक अन्याय, हिंसा वा भेदभाव भोगिरहेका महिलाहरूले पनि सार्वजनिक रूपमा आफ्नो कुरा राख्न सक्दैनन् । परिणामतः अन्याय लुकेको लुक्यै रहन्छ, अपराधीहरू झन् साहसी बन्छन् र न्याय प्रणाली कमजोर देखिन थाल्छ। कसरी न्यूनीकरण गर्ने ? सामाजिक सञ्जालमा हुने हिंसा केवल व्यक्तिगत समस्या मात्र होइन । यसले हाम्रो समाजको नैतिक संरचना र लोकतान्त्रिक मूल्यलाई गहिरो रूपमा असर गर्छ । जब घृणा र हिंसा सामान्य जस्तो देखिन थाल्छ, तब सहिष्णुता, सम्मान र संवादको संस्कार कमजोर बन्न सुरु हुन्छ । नयाँ पुस्ताले पनि यही व्यवहार सिक्ने खतरा हुन्छ। जसले दीर्घकालीन रूपमा समाजलाई अझ असहिष्णु र हिंस्रक बनाउँछ । अभिव्यक्ति स्वतन्त्रताको नाममा अरूको चरित्र र अस्तित्वमाथि आक्रमण गर्नु स्वतन्त्रता होइन, यसको दुरुपयोग हो भन्ने बुझाइ आवश्यक छ । यस समस्याको समाधानका लागि सरकारी र सामाजिक दुवै तहमा गम्भीर पहल आवश्यक छ । सरकारले साइबर अपराधसम्बन्धी कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । सामाजिक सञ्जालमा हुने गालीगलौज, धम्की र यौन हिंसासम्बन्धी अभिव्यक्तिलाई गम्भीर अपराधको रूपमा लिई दोषीलाई कारबाही गर्नुपर्छ। पीडितहरूले सहज रूपमा उजुरी दिन सक्ने, गोपनीयता सुरक्षित हुने र छिटो न्याय पाउने व्यवस्था सुनिश्चित गर्नुपर्छ । सामाजिक स्तरमा पनि परिवर्तन अपरिहार्य छ । परिवार, विद्यालय र समुदायमा सम्मानजनक संवाद, लैंगिक समानता र डिजिटल शिष्टाचारको शिक्षा दिनुपर्छ । असहमत हुँदा पनि सभ्य तरिकाले बहस गर्ने संस्कार विकास गर्न जरुरी छ । 'अर्काको विचारसँग असहमत हुन सकिन्छ, तर उसलाई अपमान गर्न पाईंदैन' भन्ने चेतना दिन सक्नुपर्छ । असहमति विचारसँग हुन सक्छ, व्यक्तिमाथि होइन । मिडिया र समाजका जान्नेसुन्ने अग्रज व्यक्तिहरूको भूमिका पनि महत्त्वपूर्ण छ । उनीहरूले जिम्मेवार सामग्री उत्पादन गर्ने, सकारात्मक सन्देश प्रवाह गर्ने र घृणात्मक व्यवहारको खुलेर विरोध गर्ने काम गर्नुपर्छ । जब समाजका अगुवाहरूले गलतलाई गलत भनेर चिनाउँछन्, त्यसले व्यापक जनमानसमा सकारात्मक प्रभाव पार्छ। परिवार र समाजको जिम्मेवारी : सामाजिक सञ्जालमा हिंसा, धम्की र अपमानजनक अभिव्यक्तिले हाम्रो समाजमा मात्र व्यक्तिगत समस्या होइन, समग्र जीवनशैली र संस्कारलाई असर गर्छ। विशेष गरी महिलाहरूले आफ्नो आवाज उठाउँदा हुने मानसिक र सामाजिक हिंसा घरपरिवार र समाजको भूमिका अझ महत्त्वपूर्ण बनाउँछ । यदि घरपरिवार र समाजले सही संस्कार र मूल्यहरू विकास गर्न सकेनन् भने डिजिटलमात्रै होइन, वास्तविक जीवनमा पनि हिंसाका घटना दोहोरिरहनेछ ।यसमा घरपरिवारको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । बच्चा र युवा पुस्ताले व्यवहार र संस्कार र जीवनशैली सिक्ने पहिलो पाठशाला घर हो । घरले सहानुभूति र सम्मान सिकाउन सक्नुपर्छ। सबैका सोच, विचार र भावना फरक हुन्छन् । अरूको विचारमा असहमति हुँदा सभ्य तरिकाले आफ्नो कुरा राख्न प्रोत्साहित गर्नुपर्छ । उदाहरणका लागि परिवारमा बच्चाले आफ्नो दृष्टिकोण राख्दा अभद्र प्रतिक्रिया नदिनु र उसको विचार सुन्नु नै सकारात्मक संस्कार हो। अर्कोतर्फ घरभित्रकै सदस्य यस्ता सामाजिक हिंसा झेलिरहेको छ ।

**सांभार : कान्तिपुर ।**

# शहीदनगरमा दिगो कृषि......................

गरिने उनले भनिन्-यसमा शहीदनगरसहित गणेशमान चार नाथ नगरपालिका र जनकनन्दनी गाउँपालिकाका किसानहरु पनि सहभागी हुन्छन् । यसबारे उपप्रमुखस्तरीय छलफल गरेर कृषि मेला आयोजना गर्ने सहमति भइसकेकाले आगामी दिनमा यसको आयोजना हुने उनले थपिन् । पालिकाले काम गर्दै गर्दा जनताको अपेक्षा अनुरुप काम कारवाही नभएको हुन सक्दछ, उनले भनिन-जनअपेक्षा के छ भन्ने वुझ्नका लागि पनि यो नागरिक सुनुवाई कार्यक्रम महत्वपुर्ण हुनेछ । नगरपालिका जनताको आवश्यकता पुरा गर्न र विकास निर्माणमा सधै हातेमालो गरेर अगाडी वढ्न चाहेको उपप्रमुख सिंहले बताइन् । कार्यक्रममा वडा नं. ७ मा रहेको ब्रम्हबाबा कृषक समूहका अध्यक्ष ओमकुमार मण्डल, वडा नं. ४ मा रहेका नवजीवन कृषक समूहका सचिव रामसागर यादव, वडा नं. ७ का नवदुर्गा कृषक समूहका अध्यक्ष बिनोद कुमार मण्डल, वडा नं. ६ का बजरंग कृषक समूहका अध्यक्ष बौएलाल मण्डल, वडा नं. १ यदुवंशी कृषक समूहका अध्यक्ष रामसुन्दर यादव, वडा नं. ७ का भिखन साफी , वडा नं. ६ का प्रमोदकुमार पासवान, पर्शुराम मण्डल, वडा नं. ४ की रुपा मण्डल, मनतोरिया मण्डल, बिमला देवी साह, वडा नं. ६ की संजिला देवी मण्डल लगायतले जिज्ञासा राखेका थिए । सार्वजनिक सुनुवाई कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष सुरेश कापर, वडा नं. ६ का वडाध्यक्ष उमेश निराला र वडा नं. ९ का वडाध्यक्ष शिवकुमार खेडकर लगायतको उपस्थिति रहेको कार्यक्रममा आसमान नेपालका रबि रौनियारले परियोजना सम्बन्धी प्रस्तुतिकरण गरेका थिए ।




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday